## बैठक सङ्ख्याः ४७

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०७९।०३।०८ गते बुधबार दिनको १:३० बजे बसेको बैठकका निर्णयहरुः-

१. सवारी साधनमा राखिने इम्बोस्ड नम्बर प्लेटका सम्बन्धमा हालसम्म भए गरेका काम तथा यस सम्बन्धमा उठेका विविध विषयका बारेमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव श्री गोपाल प्रसाद सिग्देल र यातायात व्यवस्था विभागका महानिर्देशक श्री नमराज घिमिरेले समितिमा जानकारी गराउनु भयो। यस सम्बन्धमा थप स्पष्ट हुन माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीलाई समितिमा आमन्त्रण गरी छलफल गर्ने।

२. इम्बोस्ड नम्बर प्लेट जडानका सम्बन्धमा भएका सम्पूर्ण सम्झौता तथा कागजात ५ दिन भित्र उपलब्ध गराउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई लेखी पठाउने।

३. पेट्रोलियम पदार्थमा भएको चर्को मुल्य वृद्धिका सम्बन्धमा समितिको अर्को वैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव र नेपाल आयल निगमलाई आमन्त्रण गर्ने।

४. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गरियो।